*नेपाल उद्योग वाणिज्य महासंघको ५५ औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा बरिष्ठ उपाध्यक्ष श्री चन्द्र प्रसाद ढकालबाट प्रस्तुत धन्यवाद मन्तव्य ।*

१. सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूबाट आफ्नो कार्य व्यस्तताको बाबजुद महासंघको निमन्त्रणालाई स्वीकार गरी प्रमुख अतिथिको रुपमा नेपालको निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघको ५५ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस–२०७७ को समुद्घाटन सभालाई सारगर्भित सम्बोधन मार्फत निजी क्षेत्रलाई हौसला एवं मार्गदर्शन प्रदान गरी उत्साहित गर्नु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूमा महासंघ र सम्पूर्ण निजी क्षेत्रको तर्फबाट म हार्दिक धन्यवाद एवं आभार प्रकट गर्दछु ।

२. आजको यस समुद्घाटन समारोहमा उपस्थित हुनु भई समारोहको गरिमा एवं शोभा बढाई दिनु भएकोमा माननीय मन्त्रीज्यूहरू, माननीय सभासद्ज्यूहरु, संवैधानिक निकायका पदाधिकारीज्यूहरु, श्रीमान मुख्य सचिवज्यू, श्रीमान गभर्नरज्यू, सचिवज्यूहरु, महासंघका पूर्व अध्यक्षज्यूहरु, कुटनीतिक नियोगका महामहिम राजदूतज्यूहरू, महासंघका पदाधिकारीज्यूहरु, कार्यकारिणी समितिका सदस्यज्यूहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिज्यूहरू, मुलुकभरबाट महासंघको यस ५५औं वार्षिक साधारण सभामा भाग लिन आउनु भएका जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघ, एशोसिएट क्षेत्रका प्रतिनिधिज्यूहरू, सञ्चारकर्मी मित्रहरू सहित सम्पूर्ण अतिथिगणमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

३. यस ५५ औं वार्षिक साधारण सभा र उद्योग वाणिज्य दिवस–२०७७ को अवसरमा व्यवसाय प्रवर्द्धन र संस्थागत क्षमता विकासमा उल्लेखनीय कार्य गरे वापत कदर सम्मान प्राप्त गर्नुहुने महासंघका सदस्य संघ जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघ र वस्तुगत संघका अध्यक्षज्यू एवं पदाधिकारीज्यूहरूमा हार्दिक बधाई ज्ञापन गर्दछु ।

यस किसिमको कदर सम्मानले संघ संस्थाहरुलाई आ–आफ्नो क्षेत्रमा थप उत्साहका साथ कार्य गर्न प्रोत्साहित गर्ने विश्वास लिएको छु ।

४. मेरो संयोजकत्वमा गठित कदर सम्मान समितिमा रही सहयोग गर्नुहुने मेरा सहकर्मी मित्रहरु उपाध्यक्षहरु श्री दिनेश श्रेष्ठजी, श्री अञ्जन श्रेष्ठजी, श्री रामचन्द्र संघईजीलाई धन्यवाद व्यक्त गर्दछु। यसैगरी समिति अन्तरगत गठित प्राविधिक विशेषज्ञ मुल्यांकन उप–समितिमा रही सहयोग गर्नु हुने महासंघका पूर्व महानिर्देशक डा. हेमन्त दवाडीजी र पूर्व सचिव श्री हरिहर सुवेदीजीलाई यस अवसरमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

५. साढे पाँच दशक लामो यात्रामा महासंघ विभिन्न उकाली ओराली पार गर्दै मुलुकको आर्थिक वृद्धि, उद्योग व्यवसायको विकास तथा विस्तार एवं रोजगारी सिर्जना गर्ने कार्यमा क्रियाशील रहेको छ । देशको अर्थतन्त्रमा ७० प्रतिशत भन्दा बढी योगदान गर्दै आएको निजी क्षेत्रको भूमिका जति प्रभावकारी हुन्छ त्यत्तिनै मुलुकको अर्थतन्त्र बलियो र चलायमान हुने मान्यतामा हामी आफ्नो कर्म क्षेत्रमा क्रियाशील रहेको कुरा म यस अवसरमा स्मरण गराउन चाहान्छु ।

६. कोभिड १९ महामारीबाट हामीले आंकलन गरे भन्दा निकै गम्भिर प्रभाव परेको पर्यटन, घरेलु तथा साना उद्योग, यातायात क्षेत्रलाई पूर्व अवस्थामा फर्काउनको लागि हुनुपर्ने व्यवस्थाहरुको कार्यान्वयनको लागि नेपाल सरकार तथा सरोकारवाला पक्षहरुसंग महासंघले निरन्तर रुपमा पहल गरिरहेको छ । कोरोना महामारीको संक्रमण अझै पनि कायमनै रहेकोले मानिसको स्वास्थ्य र अर्थतन्त्र दुवैलाई जोगाएर कार्य गर्नुपर्ने चूनौती हाम्रो सामू विद्यमान छ ।

७. कोभिड १९ को महामारीबाट मुलुकको समग्र अर्थतन्त्र एवं उद्योग, व्यवसाय क्षेत्रमा परेको प्रभाव र अर्थतन्त्रलाई चलायमान बनाउन अवलम्बन गर्नुपर्ने नीति र उपायका बारेमा महासंघले राष्ट्रिय आर्थिक रुपान्तरण २०३० मार्फत मुलुकको आगामी दशकको अर्थतन्त्रको प्रारुप तयार पारेको छ । आगामी आर्थिक वर्षको बजेटका लागि पनि महासंघले सुझाव तयार गरिरहेको छ ।

८. महासंघले तयार गरेको आर्थिक रुपान्तरण २०३० जसलाई हामी भिजन पेपर पनि भन्ने गरेका छौ यो यसको कार्यान्वयन यथार्थरुपमा महासंघ, नेपाल सरकार एवं सरोकारवाला सवै निकायहरुसंग समन्वय, सहकार्य एवं सहभागिताबाट मात्रै सम्भव छ । हामीलाई आज खुशी लागेको छ कि सम्माननीय प्रधानमन्त्रीज्यूले यसको कार्यान्वयनमा प्रतिवद्धता जनाउनु भएको छ ।

९. यस समुद्घाटन पश्चातको सत्रहरुमा हामी माननीय अर्थ मन्त्रीज्यू, माननीय उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रीज्यू र श्रम मन्त्रीज्यूहरुका साथै अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवज्यूहरुसंग यसै बिषयमा छलफल गर्दैछौं ।

यसको कार्यान्वयन र उद्यमी व्यवसायीहरुले भोग्नु भएका विविध समस्या तथा समाधानका उपायहरु बारे ती शत्रहरुमा छलफल हुनेछन ।

१०. गत वर्ष अर्थतन्त्र करिब २ प्रतिशतले ऋणात्मक रह्यो । यस वर्षको पहिलो त्रैमासिक पनि त्यति सहज थिएन । तर अब सुधार हुदैछ । यो सुधारको निरन्तरताका लागि आगामी आर्थिक वर्षको बजेट तथा मौद्रिक नीतिमा के कस्ता प्रावधान आवश्यक हुनेछन । यसबारे हामी सुझाव पेश गर्नेछौ र आशा सरकारले यसलाई सकारात्मक रुपमा लिनेछ ।

११. गत वर्ष मौद्रिक नीति मार्फत आएका धेरै प्रावधानहरुले अर्थतन्त्र लयमा ल्याउन मद्दत गर्‍यो । जसमा पुर्नकर्जा, ऋणको पुर्नसंरचना र पुर्नतालिकीकरण मुख्य रुपमा रहेको थियो । तर लघु, घरेलु तथा साना उद्योग एवं पर्यटन र पर्यटन सम्वद्ध व्यवसायका लागि यस वर्षपनि विशेष कार्यक्रम आवश्यक हुनेछ । जुन कर्जा सहुलियत, कर छुट र नगद अनुदान समेत हुनसक्छ ।

१२. योसंगै संकट पछिको सम्भावना पनि हामीले खोज्नुपर्छ । विदेशबाट फर्केका युवाहरुलाई समेत स्वदेशमानै उनीहरुको शीप र दक्षता उपयोग गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न सकिन्छ । हो यो काम सजिलो छैन तर असंभव पनि छैन ।

यसका लागि तिनै तहका सरकार विशेषगरि स्थानिय तह र हाम्रा चेम्बरहरुसंगको सहकार्य आवश्यक छ । जसले स्थानीय तहमा उद्यमशीलता र रोजगारी बढाउनेछ ।

१३. मुलुक प्रादेशिक संरचनामा गएपछि लगानी बढ्नु पर्ने हाम्रो अपेक्षा हो । तर नीतिगत अस्पष्टता र शासकीय कार्य क्षेत्रमा देखिएका समस्याले अपेक्षाकृत लगानी आकर्षण हुन सकेको छैन । प्रदेश तथा स्थानीय तहबाट एकै प्रकारका करहरु लिने गरेको हुंदा व्यवसायीहरुले दोहोरो कर तिर्नु पर्ने अवस्था विद्यमान रहेकोछ । अर्को समस्या भनेको जग्गाको मुल्य निक्कै अकासिएको छ । यस्तो अवस्थामा विशेषगरी उद्योगीहरुको लागत निक्कै बढेको छ । त्यसैले पहिले नै घोषणा भएका औद्योगिक क्षेत्र लगायतका संरचनालाई प्राथमिकताका साथ निर्माण गरिनुपर्छ ।

१४. वैदेशिक लगानी र गैर आवासीय लगानीलाई आकर्षित गर्न केही केहि नीतिगत सुधार आवश्यक छन । विशेषगरि गैर आवासीय नेपालीहरुले नेपाल रकम ल्याउन खोज्दा कुनै पनि प्रकारको कानुनी र प्रक्रियागत समस्या नहोस भन्ने हाम्रो चाहना छ । एनआरएनको लगानी बढ्न थाल्यो भने अन्य लगानीकर्तालाई पनि प्रोत्साहित गर्ने हुदा यो सहजताका लागि म सरकारसंग आग्रह गर्दछु ।

१५. मुलुकभित्र प्रशस्त लगानी र व्यवसायको थप विस्तार गर्न अहिलेको आयकर, मुल्य अभिवृद्धिकर (भ्याट) लगायत राजश्व सम्वद्ध ऐन नियम समयानुकल सुधार आवश्यक छ । कोभिड पछिको पुनरोत्थानका लागि धेरै मुलुकले कर राजश्व प्रणाली सुधारमा निक्कै काम गरिरहेको सन्दर्भमा हामीकहा पनि व्यवसायमैत्री राजश्व नीति आवश्यक छ ।

व्यवसाय विस्तारको सम्भावना छ भने दर घटाउन पनि सरकार हिच्किचाउनु हुदैन । संस्थागत आयकरको दर एकै हुनुपर्छ ।

१६. राजश्व, रोजगारी सिर्जना र पूर्वाधार बिकासमा उल्लेखनीय भूमिका निर्वाह गरिरहेको निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण अब भने परिवर्तन हुनुपर्छ । अर्थतन्त्रमा ७० प्रतिशत हिस्सा राख्ने निजी क्षेत्रको योगदानको कदर हुन सकेमात्र समुन्नति सहज हुन्छ । यही मान्यता अनुरुप नै महासंघले

"सम्मानित निजी क्षेत्र समुन्नत नेपाल" को मूल नारालाई अगाडी सारेको हो ।

१७. अव म धेरै समय नलिईकन पुनः एक पटक आजका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूमा उहांको अमूल्य समय र उद्योगी व्यवसायीलाई प्रदान गर्नुभएको मार्गदर्शन र सरकारको प्रतिवद्धताका लागि हार्दिक आभार व्यक्त गर्दछु ।

उपस्थित माननीय मन्त्रीज्यूहरू लगायत सम्पूर्ण अतिथि ज्यूहरुलाई यहाको अमुल्य समयका लागि हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

१८. यस समारोहको लागि हल उपलब्ध गराई सहयोग गर्ने शोल्टी होटल, उद्घाटन कार्यक्रमको प्रस्तुति एवं संयोजन गरी सहयोग पुऱ्याएकोमा प्रिज्मा एडभरटाइजिङ्ग लगायत उद्घाटन सत्रको अन्य कार्यक्रम संयोजनमा सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

१९. साथै ५५[औं] वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस–२०७७ लाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने महासंघका सम्पूर्ण कर्मचारीहरूमा हार्दिक धन्यवाद दिंन चाहान्छु ।

धन्यवाद !